# कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट नगरपालिका-०९ कंचनपुरको

# “SWOT विश्लेषण कार्य “




सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटी द्वारा संचालन भईरहेको अधिकृत सातौं/आठौं तह (३५ कार्यदिन) सेवाकालीन तालिमको स्थलगत अध्ययन भ्रमणको प्रतिवेदन


<u>तयार गर्ने : सुन्दरपुर समुह</u>

धन बहादुर थापा
पवन सिंह बिष्ट
प्रकाश सिंह रावल
हेम राज रेग्मी जोशी
दिपक धामी

<u>पेश गरेको निकाय:</u>

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
पुन्ना ,डोटी


मिति :२०८२/१०/७

## कृतज्ञता ज्ञापन (Acknowledgement)

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीद्वारा सुदूरपश्चिम प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृत सातौं/आठौं तहका कर्मचारीहरूका लागि आयोजित ३५ दिने सेवाकालीन प्रशिक्षण कार्यक्रमलाई सफल, प्रभावकारी र परिणाममुखी बनाउने उद्देश्यका साथ यो स्थलगत अध्ययन प्रतिवेदन तयार पारिएको छ। यस अध्ययन कार्यमा उचित मार्गनिर्देशन र आवश्यक सुझाव प्रदान गर्नुहुने प्रतिष्ठानका आदरणीय कार्यकारी निर्देशक श्री गेहेन्द्र बम ज्यू लगायत सम्पूर्ण सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं। साथै, एक महिनाको प्रशिक्षण अवधिभर महत्वपूर्ण ज्ञान र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण प्रशिक्षकज्यूहरू तथा सहकर्मी प्रशिक्षार्थी साथीहरूप्रति आभार व्यक्त गर्दछौं। यसैगरी, आफ्नो व्यस्त समयका बावजुद प्रतिवेदन लेखन तथा स्थलगत अध्ययन कार्यमा विशेष सहयोग र हौसला प्रदान गर्नुहुने कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कञ्चनपुरका कार्यालय प्रमुख श्री गोविन्द सिजापति ज्यू श्री मिन प्रसाद जैसी ज्यू, श्री सरिता कुमारी पन्त ज्यू,सुचना अधिकृत ज्यु  लगायत सम्पूर्ण कर्मचारी सरहरुमा हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दछौं।

**Table of Content:**


१. खण्ड -१ परिचय (Introduction) ....................................................................................१
२. खण्ड -२ साहित्यको सिमावलोकन ( Literature Review)........................................३
३. खण्ड- ३ कार्यविधि ( Methodology) ..................................................................५
४. खण्ड - ४ परिणाम तथा खोज (Result and Findings)............................................८
५. खण्ड - ५ निष्कर्ष तथा सिफारिस ( Conclusion and Recommendation)...................१६
६. परिशिष्ट (Annex) - फोटोहरु ..........................................................................१९

## खण्ड -१ परिचय (Introduction)

### १.१ पृष्ठभुमि ( Background)

सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका कृषक, कृषि प्राविधिक तथा कृषि क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको ज्ञान, सीप र धारणा अभिवृद्धि गर्न अनुकूल वातावरण सिर्जना गर्ने उद्देश्यले मिति २०६०/०४/२९ को मन्त्रिपरिषद्को निर्णयअनुसार भैरहवास्थित क्षेत्रीय कृषि तालिम केन्द्रलाई कञ्चनपुरको सुन्दरपुरमा स्थानान्तरण गरिएको हो। यस केन्द्रको परिसर मा रहेको कुल २३.८ हेक्टर क्षेत्रफल मध्ये ८.८ हेक्टरमा कार्यालय भवन ,सडक,थ्रेसिङ फ्लोर ,ग्यारेज तथा गोदाम प्रयोगशालाका साथै कृषि विकास फर्मका भवनहरु छन् भने १५ हेक्टर खेतयोग्य जमिनमा हाल कृषि विकास फर्मले बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्दै आएको छ। सेती—महाकाली अञ्चलका ९ जिल्लालाई लक्षित गरी चौथोदेखि छैटौं तहसम्मका कृषि प्राविधिक तथा अग्रणी कृषकका लागि तालिम प्रदान गर्दै आवश्यकताअनुसार तालिम सामग्री परिमार्जन, अनुभवी प्रशिक्षक परिचालन तथा तालिमपछिको अनुगमन—मूल्यांकन समेत गर्दै आएको छ। यसैगरी, कृषि व्यवसाय प्रवर्द्धनका लागि पुनर्वास क्षेत्रमा ७४ विघा जमिनमा कृषि अनुसन्धान, प्रसार तथा शिक्षा कार्यक्रम विस्तार गरिएको छ।

- केन्द्रको भावी सोच (Vision): मानवीय विकास मार्फत आर्थिक विकास गर्नका लागि सक्षम जनशक्ति विकास गर्नु एवं व्यवसायिक कृषक तयार गर्नु |
- केन्द्रको ध्येय (Mission) : कृषक र कृषि प्राविधिकको ज्ञान—सीप विकास गरी कृषि प्रणालीलाई प्रतिस्पर्धात्मक र व्यावसायिक दिशामा रूपान्तरण गर्न सहयोग गर्नु |
- कार्यालयको उद्देश्य र भूमिकाः कृषि व्यवसाय प्रवर्धनका लागि आवशयक सहयोग गरि व्यवसायीक कृषकहरु तथा कृषि उध्यमीहरु को सङ्ख्या बृद्धि गर्ने |कृषि प्राविधिकहरु तथा कृषकहरुको व्यवसायीक कृषि तथा उन्नत कृषि प्रविधि सम्बन्धि आवशयक ज्ञानतथा सिप व्यवहारिक तालिमका माध्यमबाट बिकास गर्ने |
- मुख्य कार्य र प्रवाह गरिने सेवाहरुःचौथो, पाचौ र छैठौ तहका प्राविधिक स्तरीय बिभिन्न तालिम, अगुवा कृषक स्तरीय तालिम ,कृषि व्यवसाय प्रवर्द्धन सहयोग,तालिम अनुगमन तथा मुल्यांकन ,तालिम पाठ्यक्रम तर्जुमा तथा परिमार्जन,नमुना फिल्ड पर्दशन |
- हाल उपलब्ध जनशक्ति /श्रोत साधन र प्रविधि : जनशक्ति (कार्यालय प्रमुख (र.प्.प्र.प्रा)-१ ,कृषि अधिकृत-२ प्रशासन अधिकृत -१,लेखा अधिकृत -१,सुचना प्रविधि बिज्ञ-१ ,हलुका सवारी

चालक-२,कार्यालय सहयोगी -३ जना ), २३.८ हेक्टर जमिन,कार्यालय अन्तर्गत भवनहरुः१२ वटा ,मिनिबस-१ ,जिप-१ टिस्यु कल्चर ल्याब-१ ,जेनेरेटर-१

- चालु आव को बजेट र प्राथमिकता प्राप्त योजना : आ.व २०८२/८३ कुल बजेट : ६ करोड ३५ लाख [(५ करोड ९५ लाख (चालु बजेट), ४० लाख (पुजीगत बजेट)]

## १.२ समस्या विवरण (Statement of the Problem)

यद्यपि तालिम केन्द्रले वर्षौंदेखि कृषि तालिम र पर्वर्द्धनका कार्यक्रम सञ्चालन गरिरहेको छ, तर सेवा प्रभावकारिता, तालिमको गुणस्तर, तालिम लिन आउने कृषकको सङ्ख्या, स्रोत—साधनको उपयोग, प्राविधिक जनशक्तिको समन्वय, साझेदार संस्थासँगको सहकार्य तथा कार्यक्रम विस्तार क्षमतामा उल्लेख्य सुधार देखिन सकेको छैन। प्रदेश सरकार अन्तर्गत रहेको यस तालिम केन्द्रका कर्मचारीको गुनासो हामीलाई कार्यक्रम संचालन सम्बन्धि कुनै आधिकारिक नर्म्स र ToR नभएकाले अन्योल भइरहने बताएका छन् | कृषक तथा कृषि प्राविधिकले आवश्यक परामर्श र व्यावहारिक तालिम पर्याप्त मात्रामा प्राप्त गर्न कठिनाइ भोगिरहेको, संस्थागत व्यवस्थापनमा पारदर्शिता र अनुगमन प्रणाली बलियो नभएको र उपलब्ध स्रोत—साधनको अधिकतम उपयोग हुन नसकिरहेको समस्या रहेको छ। यस्तो अवस्थामा केन्द्रलाई प्रभावकारी, परिणाममुखी र व्यावसायिक कृषि विकासमा योगदान पुऱ्याउने संस्थाका रूपमा रूपान्तरण गर्न वैज्ञानिक विश्लेषण र सुधारात्मक रणनीति आवश्यक भएको देखिन्छ।

## १.३ अनुसन्धान प्रश्नहरू (Research Questions)

यो अध्ययन निम्न प्रश्नहरूको उत्तर खोज्न केन्द्रित छः

१. बलियो पक्ष (Strengths), कमजोरी (Weaknesses), अवसर (Opportunities) र चुनौती (Threats) के—कस्ता छन्?

२. केन्द्रलाई प्रभावकारी बनाउन कुन रणनीतिहरू अपनाउन सकिन्छ?

## १.४ अध्ययनका उद्देश्यहरू (Objectives)

मुख्य उद्देश्य

- केन्द्रको अवस्था विश्लेषण गरी SWOT मार्फत सुधार रणनीतिहरू प्रस्तुत गर्नु।

विशेष उद्देश्यहरू

१. बलियो पक्ष (Strengths), कमजोरी (Weaknesses), अवसर (Opportunities) र चुनौती (Threats) पहिचान।

२. प्रभावकारी रणनीतिहरू सिफारिस

## खण्ड -२ साहित्यको सिमावलोकन ( Literature Review)

कृषि क्षेत्रमा तालिम, प्रविधि हस्तान्तरण तथा संस्थागत क्षमता विकास जनशक्ति सुदृढीकरणका आधारभूत माध्यमहरू मानिन्छन्। विश्व बैंक (World Bank, 2010) ले कृषि विकासमा मानव साधन सक्षम भएपछि उत्पादन, विपणन र आयमा उल्लेखनीय सुधार हुने उल्लेख गरेको छ। नेपालमा कृषि तालिम तथा प्रसार प्रणालीलाई मजबुत बनाउन २०३० को दशकदेखि नै कृषि तालिम केन्द्र, कृषि सेवा केन्द्र तथा सहकारी संस्थामार्फत सीप अभिवृद्धि कार्यक्रम सञ्चालन हुँदै आएको पाइन्छ (MoALD, 2015)।

कृषि तालिम केन्द्रहरूको प्रभावकारिता सम्बन्धी अध्ययनहरूले प्राविधिक जनशक्तिको अभाव, स्रोत–साधनको कमी, बजेट सीमितता, तालिम सामग्रीमा आधुनिकीकरणको कमी तथा संस्थागत अनुगमन कमजोर हुनु कृषि तालिम प्रणालीका मुख्य समस्या रहेको देखाएका छन् (Koirala & KC, 2018)। अध्ययनहरूले तालिम प्रणाली प्रभावकारी हुन कृषि अनुसन्धान, प्रसार र शिक्षा (Research–Extension–Education) को त्रिकोणीय समन्वय मजबुत हुनुपर्ने निष्कर्ष प्रस्तुत गरेका छन।

सुदूरपश्चिम प्रदेशका कृषकहरूका सीप, ज्ञान र उत्पादन प्रणाली कमजोर हुनु, प्रविधि अपनाउने दर न्यून हुनु तथा बजार पहुँच कमजोर हुनु क्षेत्रीय कृषि तालिम केन्द्रहरू प्रभावकारी नबनेको कारणका रूपमा चिनिएको छ (Sudurpaschim Agriculture Profile, 2021)। स्थानीय तहका कृषि शाखा, प्रदेश सरकार तथा संघीय सरकारबीच तालमेल नहुँदा तालिम तथा प्रविधि हस्तान्तरण अपेक्षित रूपमा अघि बढ्न नसकेको उपलब्ध साहित्यमा उल्लेख गरिएको छ।

SWOT विश्लेषणको प्रयोग संस्थागत विकासमा महत्वपूर्ण उपकरण मानिन्छ। SWOT विश्लेषणले संस्थाको बलियो पक्ष, कमजोरी, अवसर र चुनौती पहिचान गरी सुधारात्मक रणनीति निर्माणमा सहयोग पुर्‍याउँछ (Helms & Nixon, 2010) । कृषि तालिम प्रणालीमा SWOT विश्लेषण प्रयोग गर्दा प्राविधिक साधन, तालिम सामग्री, प्रशिक्षकको क्षमता, भौतिक संरचना र सेवा प्राप्तकर्ताको आवश्यकताबिचको सम्बन्ध स्पष्ट गर्न सकिने विभिन्न अध्ययनहरूले देखाएका छन् (FAO, 2018) ।

अन्तर्राष्ट्रिय अनुभवहरूका आधारमा कृषि तालिम केन्द्रहरू प्रभावकारी हुन आधुनिक प्रविधि, स्मार्ट–एग्रिकल्चर उपकरण, डिजिटल तालिम सामग्री, फिल्ड डिमोन्स्ट्रेसन, सहयोगी अनुसन्धान, र समुदाय–आधारित तालिम अनिवार्य मानिन्छ। नेपालका धेरै तालिम केन्द्रहरूमा यिनै पक्ष अपनाउन नसकिएको कारण सेवा गुणस्तर प्रभावित भएको साहित्यमा उल्लेख छ।

यसरी उपलब्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यले कृषक क्षमता विकासमा तालिम केन्द्रहरूको भूमिका महत्वपूर्ण भए पनि व्यवस्थापन, स्रोत—साधन, तालिम प्रणाली, प्रविधि अद्यावधिक र समन्वयको कमजोरीले संस्थागत प्रभावकारिता कम भएको देखाउँछ। उपलब्ध साहित्यलाई केन्द्रमा SWOT विश्लेषण लागू गर्दा वर्तमान स्थितिको मूल्यांकन, सुधारका क्षेत्रमा प्राथमिकता निर्धारण तथा प्रभावकारी नीतिगत तथा व्यावहारिक रणनीति निर्माणमा सहयोग पुग्नेछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

## खण्ड- ३ कार्यविधि ( Methodology)

यो अध्ययन गुणात्मक (Qualitative), परिमाणात्मक (Quantitative) र वर्णनात्मक (Descriptive) अनुसन्धान विधिहरूको संयोजनमा आधारित छ। कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुरको संस्थागत क्षमता, तालिम व्यवस्थापन, सेवा प्रभावकारिता तथा सुधार सम्भावनाहरू पहिचान गर्न SWOT विश्लेषण मुख्य विश्लेषणात्मक उपकरणको रूपमा प्रयोग गरिएको छ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

अध्ययन Mixed-Method Research Design (गुणात्मक + परिमाणात्मक) मा आधारित छ, जसलेः

- केन्द्रको वर्तमान अवस्थाको वर्णनात्मक विश्लेषण,
- SWOT सम्बन्धी धारणा मापन,
- तथा तथ्यहरू बीचको सम्बन्ध व्याख्या गर्न सहयोग पुऱ्याउँछ।

### ३.२ अध्ययन क्षेत्र (Field of the Study / Study Area)

अध्ययनको क्षेत्र कञ्चनपुर जिल्लाको बेदकोट नगरपालिका—९ सुन्दरपुरमा अवस्थित (Location : 28°56'06"N 80°13'58"E) *कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र* हो।

### ३.३ नमुना चयन प्रक्रिया (Sampling Method)

यस अध्ययनमा Purposive Sampling को प्रयोग गरिएको छः

Purposive Sampling

- SWOT सम्बन्धी धारणा बुझ्न केन्द्रका सम्पूर्ण कर्मचारी, प्राविधिक तथा सेवाग्राहि को अनुभव र भुमिका |

नमुना आकार (Sample Size)

- कर्मचारीः ७ जना , सेवाग्राही : ३ जना

### ३.४ तथ्य संकलनका विधिहरू (Data Collection Methods)

(क) प्राथमिक स्रोत (Primary Data)

१. Questionnaire Survey (SWOT Perception Survey)

- कर्मचारी र स्थानीय सेवाग्राही समक्ष संरचित Questionnaire फारम।
- SWOT (Strengths, Weaknesses, Opportunities, Threats) सम्बन्धी धारणा मापन गर्न Likert Scale प्रयोग।

२. अन्तरवार्ता (Semi-Structured Interviews through Field visit and Phone call )

- कार्यालयका अधिकृत स्तरका कर्मचारी (प्रशासन , लेखा र IT )
- सेवाग्राही तथा स्थानीय

३. प्रत्यक्ष अवलोकन (Field Observation)

- प्रयोगशाला, बीउ उत्पादन क्षेत्र, भौतिक संरचना, स्रोत—साधन।

(ख) द्वितीयक स्रोत (Secondary Data)

- वार्षिक प्रगति प्रतिवेदन, Internet publish reports and news

### ३.५ तथ्य विश्लेषण विधि (Data Analysis)

क. परिमाणात्मक विश्लेषण (Quantitative Analysis)

- Questionnaire Survey बाट प्राप्त तथ्यलाई तालिका, प्रतिशत, औसत र ग्राफमार्फत विश्लेषण।
- 5-point Likert Scale को स्कोरिङ प्रयोग गरी SWOT धारणा सूचकांक तयार।
- Questionnaire Survey बाट आएका SWOT का सूचांक हरु को Relative Importance Index (RII) निकाली उच्च, मध्यम र न्यून अंक प्राप्त गरें सूचकहरु प्राप्त गर्न सकिन्छ | RII व्यापक रूपमा कृषक अपनत्व सम्बन्धी अध्ययनहरूमा सरोकारवालाहरूको धारणा प्राथमिकताक्रममा राख्न प्रयोग गरिन्छ, जस्तै खेती प्रणालीमा अन्तरबाली अपनत्वका बाधा र अवसरहरूको क्रम निर्धारण गर्न (Fares, 2023) ।

  - उच्च (High): $0.7 < RII \leq 1.0$
  - मध्यम (Medium): $0.4 < RII \leq 0.7$
  - न्यून (Low): $0 < RII \leq 0.4$

- RII को मद्दतले SWOT को प्रत्येक पक्ष (Strength, Weakness, Opportunity, Threat) को महत्त्व र प्राथमिकता निर्धारण गर्न सकिन्छ। उच्च RII भएका विषयहरू रणनीतिक प्राथमिकतामा पर्छन्।

ख. गुणात्मक विश्लेषण (Qualitative Analysis)

- अन्तरवार्ता का कथ्यलाई Thematic Coding गरेर SWOT को ४(चार) पक्षमा वर्गीकरण।

ग. SWOT विश्लेषण (SWOT Framework Application)

- Strengths, Weaknesses, Opportunities, Threats पहिचान गरी सुधारात्मक रणनीति विकास।

## ३.६ अध्ययनका सीमितताहरू (Limitations of the Study)

- उत्तरदाताको धारणा व्यक्तिपरक हुन सक्ने
- Questionnaire बुझाउने र तथ्य सङ्कलनमा व्यवहारिक चुनौती
- केही तथ्य अधिकारी वा स्रोतले पूर्ण रूपमा उपलब्ध नगराउन सक्ने
- SWOT विश्लेषण व्याख्यामा अनुसन्धानकर्ताको दृष्टिकोणको प्रभाव
- समय अभावका कारण सर्भे स्याम्पल संख्या थोरै हुनु

## ३.७ नैतिक पक्ष (Ethical Considerations)

- सहभागिहरूको सहमति लिएर मात्र तथ्य संकलन
- व्यक्तिगत र संस्थागत संवेदनशील विवरण गोप्य राखिने
- तथ्य र निष्कर्षहरू निष्पक्ष, वैज्ञानिक र स्रोतसहित प्रस्तुत

# खण्ड - ४ परिणाम तथा खोज (Result and Findings)

४.१ कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट न—.पा.९, कंचनपुर कार्यालय को Field Visit , Questionnaire Survey , Interviews, Observations, Secondary data मार्फत आएको परिणाम :

**A: Questionnaire Survey गरि निकालिएको RII result यस प्रकार छ |(Quantitative Data)**

Table 1:

| S.N | Strengths (शक्तिहरू( | RII | Rank |
|---|---|---|---|
| 1 | केन्द्रका प्रशिक्षकहरू उच्च योग्य र अनुभवी छन्। | 0.62 | 9 |
| 2 | तालिम कार्यक्रमहरू व्यावहारिक, उपयोगी र किसानमैत्री छन्। | 0.82 | 2 |
| 3 | केन्द्रको भौतिक पूर्वाधार भवन), उपकरण, तालिम हलपर्याप्त छ। ( | 0.74 | 5 |
| 4 | केन्द्रले कृषि व्यवसायका लागि गुणस्तरीय बिउबिजन तथा प्राविधिक सहयोग प्रदान गर्छ। | 0.64 | 8 |
| 5 | केन्द्रका सेवाले स्थानीय किसानहरूको उत्पादकत्व बढाउन सहयोग पुर्‍याएको छ। | 0.70 | 6 |
| 6 | केन्द्रले बजार पहुँच, मूल्य शृङ्खला र व्यवसायिक नेटवर्क विकासमा सहयोग गर्छ। | 0.70 | 6 |
| 7 | केन्द्रको कार्यसमूह एकजुट (टिम), सक्रिय र उत्साही छ। | 0.78 | 4 |
| 8 | केन्द्रका तालिमहरू कम खर्चिलो र सबै वर्गका किसानका लागि पहुँचयोग्य छन्। | 0.80 | 3 |
| 9 | केन्द्रले आधुनिक कृषि प्रविधि जस्तै ड्रिप सिँचाइ), मल्चिङको प्रभावकारी प्रदर्शन गर्छ। ( | 0.64 | 8 |
| 10 | केन्द्रको स्थान भौगोलिक रूपमा सुगम र सहज छ। (सुन्दरपुर) | 0.88 | 1 |
| 11 | केन्द्रले सफल किसान तथा उद्यमीहरूको उदाहरण प्रस्तुत गरी प्रेरणा दिन्छ। | 0.64 | 8 |
| 12 | केन्द्रका वार्षिक योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन्छन्। | 0.80 | 3 |
| 13 | केन्द्रले महिला, दलित तथा सीमान्तकृत किसानहरूलाई प्राथमिकता दिन्छ। | 0.68 | 7 |

Table 2:

| S.N | Weaknesses (कमजोरीहरू( | RII | Rank |
|---|---|---|---|
| १ | केन्द्रमा पर्याप्त दक्ष कर्मचारी )Staffing) को कमी छ। | 1.00 | 1.00 |
| २ | तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन नहुने समस्या छ। | 0.46 | 8.00 |
| ३ | केन्द्रको प्रचारप्रसार तथा जनचेतना अभियान कमजोर छ। | 0.56 | 7.00 |
| ४ | बजेट अभावका कारण उपकरण तथा पूर्वाधार विकास सीमित भएको छ। | 0.64 | 5.00 |

| | | | |
|---|---|---|---|
| ५ | तालिम पश्चात् आवश्यक फलोअप तथा प्राविधिक सहयोग पर्याप्त छैन। | 0.44 | 9.00 |
| ६ | केन्द्रको डिजिटल उपस्थिति वेबसाइट), सामाजिक सञ्जालकमजोर छ। ( | 0.94 | 2.00 |
| ७ | तालिम सामग्री पुरानो वा आवश्यकताअनुसार अद्यावधिक भएको छैन। | 0.34 | 11.00 |
| ८ | केन्द्रमा यातायात तथा आवास सुविधाको कमी छ। | 0.60 | 6.00 |
| ९ | केन्द्रको प्रशासनिक प्रक्रिया जटिल तथा ढिलो छ। | 0.36 | 10.00 |
| १० | केन्द्रले निजी क्षेत्रसँग पर्याप्त सहकार्य गर्न सकेको छैन। | 0.74 | 3.00 |
| ११ | तालिम तथा सेवाको गुणस्तर नियन्त्रण प्रणाली प्रभावकारी छैन। | 0.34 | 11.00 |
| १२ | केन्द्र संग प्रयाप्त श्रोत साधन छैन। | 0.36 | 10.00 |
| १३ | तालिम प्राप्तकर्ताबाट प्रतिपुष्टि )Feedback) संकलन प्रक्रिया कमजोर छ। | 0.70 | 4.00 |

Table 3 :

| S.N | Opportunities (अवसरहरू( | RII | Rank |
|---|---|---|---|
| १ | स्थानीय बजार तथा पर्यटनसँग जोडेर कृषि व्यवसाय विस्तार गर्न सकिन्छ। | 0.94 | 2 |
| २ | सरकारी अनुदान तथा अन्तर्राष्ट्रिय सहयोग जस्तै)USAID, FAO) प्राप्त गर्ने अवसर छ। | 0.82 | 6 |
| ३ | युवा उद्यमीहरूलाई आकर्षित गरी कृषि स्टार्टअप सेन्टर विकास गर्न सकिन्छ। | 0.86 | 5 |
| ४ | जैविक खेती र निर्यातमुखी कृषि उत्पादनका लागि अवसर छ। | 0.70 | 7 |
| ५ | डिजिटल प्लेटफर्ममार्फत अनलाइन तथा हाइब्रिड तालिम सञ्चालन गर्न सकिन्छ। | 0.54 | 9 |
| ६ | स्थानीय सहकारी तथा कृषक समूहसँग साझेदारी विस्तार गर्न सकिन्छ। | 0.82 | 6 |
| ७ | जलवायु अनुकूल कृषि प्रविधिमा विशेष तालिम विकास गर्न सकिन्छ। | 0.66 | 8 |
| ८ | महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम विस्तारको सम्भावना छ। | 0.82 | 6 |
| ९ | पशुपालन, बाली उत्पादन र मत्स्यपालन एकीकरण गरी विविधीकरण गर्न सकिन्छ। | 0.66 | 8 |
| १० | स्थानीय उत्पादनको ब्रान्डिङ र लेबलिङबाट बजार लाभ लिन सकिन्छ। | 0.82 | 6 |
| ११ | NGO/INGO सँग सहकार्य गरी नयाँ परियोजना सुरु गर्न सकिन्छ। | 0.88 | 4 |
| १२ | कृषि पर्यटन )Farm Tourism) विकासका लागि ठूलो सम्भावना छ। | 0.96 | 1 |
| १३ | स्थानीय सरकार संग साझेदारी मार्फत विभिन्न कार्यक्रम संचालन गर्न सकिन्छ । | 0.90 | 3 |

Table 4 :

| S.N | Threats (खतराहरू( | RII | Rank |
|---|---|---|---|
| १ | जलवायु परिवर्तनले कृषि उत्पादन र तालिम कार्यक्रमहरूमा नकारात्मक असर पार्छ। | 0.46 | 5 |
| २ | बजार मूल्यको उतारचढावले कृषि व्यवसायमा जोखिम बढाउँछ। | 0.58 | 4 |

| | | | |
|---|---|---|---|
| ३ | निजी तथा प्रतिस्पर्धी संस्थाहरूको उदयले केन्द्रलाई चुनौती दिन्छ। | 0.46 | 5 |
| ४ | सरकारी नीति तथा बजेट परिवर्तनले केन्द्रका कार्यक्रम प्रभावित हुन्छन्। | 0.64 | 3 |
| ५ | बिचौलियाहरूको प्रभावका कारण किसानको प्रतिफल घट्ने जोखिम छ। | 0.46 | 5 |
| ६ | महामारी वा प्राकृतिक प्रकोपले तालिम तथा सेवा प्रवाह अवरुद्ध हुन सक्छ। | 0.40 | 7 |
| ७ | दक्ष जनशक्तिको अभाव तथा वैदेशिक आप्रवासनले समस्या सिर्जना गर्छ। | 1.00 | 1 |
| ८ | जग्गा, पानी तथा अन्य स्रोतको अभावले केन्द्र विस्तारमा बाधा पुर्‍याउँछ। | 0.44 | 6 |
| ९ | ऋण तथा बिमा सुविधाको कमीले कृषि व्यवसाय असफल हुने जोखिम बढ्छ। | 0.96 | 2 |

SWOT–RII संयोजन म्याट्रिक्स (SWOT–RII Integrated Matrix)

| SWOT पक्ष | उच्च प्राथमिकता (RII ≥ 0.80) | मध्यम (0.60–0.79) | न्यून (< 0.60) |
|---|---|---|---|
| Strength (शक्ति) | सुगम स्थान (0.88)<br>व्यावहारिक तालिम (0.82)<br>सस्तो/सुगम सेवा (0.80) | भौतिक पूर्वाधार (0.74)<br>बजार पहुँच समर्थन (0.72) | प्रशासनिक समन्वय (0.40–0.50) |
| Weakness (कमजोरी) | दक्ष कर्मचारी अभाव (1.00)<br>डिजिटल प्रणाली कमजोर (0.94) | निजी क्षेत्र सहकार्य कम (0.74) स्रोत—साधन कमी (0.64) | अप—टु—डेट पाठ्यक्रम कमी (0.34)<br>फलोअप कमजोर (0.44) |
| Opportunity (अवसर) | कृषि पर्यटन (0.96)<br>स्थानीय सरकार सहकार्य (0.90)<br>NGO/INGO सहकार्य (0.88) | उद्यमशील युवा सहभागिता (0.62–0.79) | डिजिटल प्लेटफर्ममार्फत अनलाइन तथा हाइब्रिड तालिम सञ्चालन गर्न सकिन्छ। (0.54) |
| Threat (खतरा) | जनशक्ति विदेशिने जोखिम(1.00)<br>वित्त/बीमा पहुँच अभाव (0.96) | मूल्य उतारचढाव (0.64)<br>नीति—बजेट अनिश्चितता (0.60) | जलवायु जोखिम (0.46) |

**B: Interview र खुल्ला प्रश्न बाट आएको Qualitative Data (Based on Responses)**

प्रश्न १: केन्द्रलाई अझ प्रभावकारी बनाउनका लागि तपाईंको मुख्य सुझाव के हो?

1. प्राविधिक क्षमता वृद्धि
2. तालिम सामग्री सुधार
3. स्रोत—साधन व्यवस्थापन
4. अनुगमन—मूल्यांकन सुधार
5. सहकार्य र साझेदारी
6. बजेट र वित्तीय चुनौती

प्रश्न २: कृषकहरुलाई तालिमपछि बजार र वित्तसँग जोड्न केन्द्रले कस्तो भूमिका खेल्न सक्छ?

1. स्थानीय तह संग सहकारी र समन्वय
2. वित्तीय पहुँच
3. तालिम—व्यवसाय समन्वय

प्रश्न ३: केन्द्रको भविष्य विकासका लागि कुनै थप टिप्पणी वा सुझाव?

1. मानव संसाधन विकास
2. प्रविधि नवप्रवर्तन
3. संस्थागत चुनौती
4. वातावरणीय जोखिम
5. समुदायमा प्रभाव

## ४.२ एकीकृत SWOT Analysis (Quantitative RII + Qualitative Thematic Coding)

SWOT को प्रत्येक पक्षलाई १) RII Prioritization र २) Thematic Responses अनुसार विश्लेषण गरिएको छ, जसले केन्द्रका वास्तविक समस्याहरू, क्षमता तथा अवसरहरूको दायरा स्पष्ट देखाउँछ।

### क) Strengths (शक्तिहरू) को RII–आधारित विश्लेषण

तलका शक्ति तत्वहरू RII को आधारमा प्राथमिकताक्रममा राखिएका छन्।

| **Strength Factors** | **RII** | **Priority** |
|---|---|---|
| केन्द्रको भौगोलिक स्थान सुगम | 0.88 | High |
| व्यावहारिक तालिम प्रभावकारी | 0.82 | High |
| सेवा सबैका लागि पहुँच योग्य | 0.80 | High |
| भौतिक पूर्वाधार समर्थन | 0.74 | Medium |
| बजार—सहयोग जोडिन सहयोग | 0.72 | Medium |

- व्याख्या: RII विश्लेषणले देखाउँछ कि केन्द्रको स्थान, तालिमको व्यावहारिकता, र सर्वसाधारणका लागि सुगम पहुँच केन्द्रका मुख्य ताकत हुन्।

### ख) Weaknesses (कमजोरीहरू) को RII–आधारित विश्लेषण

| **Weakness Factors** | **RII** | **Priority** |
|---|---|---|
| दक्ष कर्मचारीको कमी | 1.00 | Critical |
| डिजिटल प्रणाली कमजोर | 0.94 | High |
| निजी क्षेत्र सहकार्य कम | 0.74 | Medium |
| स्रोत—साधन अभाव | 0.64 | Medium |

- व्याख्या: सबैभन्दा गम्भीर कमजोरी मानव स्रोतको अभाव हो। सुदूरपश्चिम क्षेत्रमा दक्ष जनसक्ति बस्न नरुचाउने प्रविर्तीले उक्त कमजोरी दर्साउछ । डिजिटल सेवा अभाव तथा निजी क्षेत्रसँग समन्वय नहुनु पनि महत्वपूर्ण कमजोरीका रूपमा देखिन्छ।

### ग) Opportunities (अवसरहरू) को RII–आधारित विश्लेषण

| Opportunities | RII | Priority |
|---|---|---|
| कृषि पर्यटन विकास | 0.96 | Very High |
| स्थानीय सरकारसँग सहकार्य | 0.90 | High |
| NGO तथा निजी क्षेत्र सहकार्य | 0.88 | High |
| युवा उद्यमशीलता प्रवर्द्धन | 0.70 | Medium |

- व्याख्याः RII ले देखाउँछ कि केन्द्रसँग कृषि पर्यटन, सहकार्य विस्तार र उद्यमशीलता प्रवर्द्धन जस्ता उच्च सम्भावनाहरू छन्।

### घ) Threats (खतरा) को RII–आधारित विश्लेषण

| Threats | RII | Priority |
|---|---|---|
| दक्ष जनशक्ति विदेशिने | 1.00 | Critical |
| बीमा तथा ऋण सुविधाको कमी | 0.96 | High |
| नीति/बजेट अनिश्चितता | 0.64 | Medium |
| बजार मूल्य उतारचढाव | 0.60 | Medium |

- व्याख्याः वैदेशिक रोजगारले विशेषज्ञ कर्मचारीको अभाव, वित्त—बीमा पहुँच कमजोर, नीति तथा बजेटमा निरन्तरता नहुनु खतरा रहेका छन्|

## ४.३ गुणात्मक तथ्यहरूको Thematic Analysis

खुला प्रश्न र अन्तरवार्ताबाट आएका प्रतिक्रियालाई ५ मुख्य थिम मा कोडिङ गरिएको हो।

Theme 1: Institutional Capacity (संस्थागत क्षमता)

- कर्मचारी अभाव
- तालिम सामग्री अद्यावधिक आवश्यक

- स्रोत—साधनको कमी

➞ Weakness पक्षलाई मजबुत समर्थन।

Theme 2: Market & Finance Linkage (बजार तथा वित्तीय पहुँच)

- सहकारी/बैंकसँग जोड्न माग
- उत्पादन—बजार संयन्त्र आवश्यकता
- Indoor मै च्याउँ र अन्य फलफुल उब्जनी र राजस्वमा वृद्धि

➞ Opportunity पुष्टि।

Theme 3: Monitoring & Follower Support (अनुगमन तथा निरन्तर सहयोग)

- तालिमपछि नियमित फलोअप अभाव
- Feedback प्रणाली कमजोर

➞ Low RII Weakness संग मिल्दोजुल्दो।

Theme 4: Infrastructure & Digitalization (पूर्वाधार र डिजिटल रुपान्तरण)

- ICT प्लेटफर्म आवश्यक
- आधुनिक उपकरण कमी

➞ Digital Weakness (RII 0.94) को पुष्टि।

Theme 5: Community Engagement (समुदायको सहभागिता)

- स्थानीय स्तरमा जनचेतना बढेको
- किसानलाई व्यावहारिक सिकाइ प्रदान

➞ Strength पक्षलाई समर्थन।

Integrated SWOT Interpretation (RII + Themes)

| **SWOT पक्ष** | **RII प्राथमिकता** | **Thematic आधार** | **निष्कर्ष** |
|---|---|---|---|
| Strength | High | Community engagement | केन्द्रको पहुँच र जनआधार बलियो |
| Weakness | Critical | HR + Digital Gap | तात्कालिक सुधार आवश्यक |
| Opportunities | Very High | सहकार्य, पर्यटन | विस्तार सम्भावना विशाल |
| Threats | High | Migration + Finance | दिगोपनामा जोखिम |

## ४.५ SWOT मा आधारित रणनैतिक विश्लेषण (Strategic Analysis)

- SO Strategies (Strength–Opportunity संयोजन)
  - सुगम स्थान + कृषि पर्यटन → Agri-tourism hub
  - व्यावहारिक तालिम + स्थानीय सरकार सहकार्य → Regional Training Excellence Center
- WO Strategies (Weakness–Opportunity संयोजन)
  - डिजिटल अभाव + सहकार्य → Digital MIS / e-learning system
- ST Strategies (Strength–Threat संयोजन)
  - व्यावहारिक तालिम + जनशक्ति पलायन → Local Job Creation Model
- WT Strategies (Weakness–Threat संयोजन)
  - डिजिटल कमजोरी + वित्त जोखिम → ICT-based financial advisory

## खण्ड - ५ निष्कर्ष तथा सिफारिस ( Conclusion and Recommendation)

### ५.१ निष्कर्ष (Conclusion)

उपरोक्त तथ्यहरूको समग्र विश्लेषणबाट निम्न निष्कर्षहरू निकाल्न सकिन्छः

१. केन्द्रका सेवा तथा तालिम कार्यक्रम प्रभावकारी छन्, तर दिगोपनाको चुनौती देखिन्छ।
२. शक्तिहरू (प्रविधि प्रदर्शन, पहुँच, सामुदायिक सहभागिता) बलिया भए पनि, कमजोर पक्ष (HR, डिजिटल प्रणाली) निकै गम्भीर छन्।
३. केन्द्रसँग कृषि पर्यटन, सहकार्य, उद्यम वृद्धि र बजार—शृङ्खला प्रवर्द्धन जस्ता उच्च सम्भावनाहरू छन्।
४. तर बाह्य जोखिम'विशेषतः दक्ष जनशक्ति विदेशिने, वित्तीय कमजोरी, नीति अस्थिरता—ले केन्द्रको दिगोपनामा चुनौती थपेको छ।
५. यदि पहिचान गरिएका कमजोर पक्षमा तुरुन्तै ध्यान दिइयो भने केन्द्रलाई क्षेत्रीय कृषि विकासको उत्कृष्ट मोडेल बनाउन सकिन्छ।

### ५.२ सिफारिसहरु ( Recommendations)

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट न.पा.—९, कञ्चनपुरमा गरिएको SWOT विश्लेषणले संस्थाको वर्तमान अवस्था, प्रमुख चुनौतीहरू तथा आगामी विकास सम्भावनालाई स्पष्ट रूपमा पहिचान गरेको छ। प्रस्तुत विश्लेषणका आधारमा केन्द्रको प्रभावकारिता वृद्धि, कार्यक्रमको दिगोपनामा सुधार तथा सेवाग्राहीमैत्री प्रणाली विकास गर्न निम्न सिफारिसहरू प्रस्ताव गरिन्छः

१. कृषि पर्यटन (Agri-Tourism Hub) को विकास

- केन्द्रको भौगोलिक तथा सांस्कृतिक विशेषतामाथि आधारित कृषि पर्यटन कार्यक्रम विस्तार गरी आम्दानीका नयाँ सम्भावना सिर्जना गर्नुपर्छ।

२. व्यावहारिक तालिमलाई बजार—शृङ्खलासँग जोड्ने

- तालिम प्राप्त किसानलाई उत्पादन, संकलन, भण्डारण तथा बिक्रीसम्मको Value-chain मा जोडेर व्यावसायिक कृषि सञ्चालन गर्न सक्ने वातावरण बनाउनुपर्छ।

३. स्थानीय सरकार र सहकारीसँग संयुक्त कार्यक्रम सञ्चालन

- समन्वय अभावका कारण दोहोरो प्रयास र स्रोतको बर्बादी हुन नदिन गाउँपालिका/नगरपालिका तथा सहकारी संस्थासँग सहकार्यमा संयुक्त कार्यक्रम सञ्चालन गर्नुपर्छ।

४. दक्ष जनशक्ति र तालिम सम्बन्धि आधिकारिक नर्म्स र TOR निर्माण अभाव समाधान

- आवश्यक प्राविधिक जनशक्ति पूर्ति गर्न Intern/Volunteer कार्यक्रममार्फत तत्काल क्षमता अभिवृद्धि र सुदूरपश्चिम प्रदेश सरकारले आवश्यक तालिम सम्बन्धि आधिकारिक नर्म्स र TOR निर्माण गर्नुपर्छ।

५. डिजिटल MIS प्रणाली तथा अनलाइन सेवा स्थापना

- Online Registration, e-Learning Platform, डिजिटल रेकर्ड प्रणाली र Monitoring–Evaluation System लागू गरी सेवा—प्रवाहलाई आधुनिक र पारदर्शी बनाइनु आवश्यक छ।

७. निजी क्षेत्रसँग Value-Chain कार्यक्रम सुरु

- Private Sector (Collection Centers, Agribusiness Firms, Exporters) संग साझेदारी गरी उत्पादनलाई बजारसँग प्रत्यक्ष जोड्ने Value-chain programs कार्यान्वयन गर्नुपर्छ।

## खण्ड -६ सन्दर्भहरु (Refrences)


१. Fares, M. (2023). *Relative Importance of Barriers and Levers to Intercropping Systems Adoption: Comparison of Farms and Co-Operatives*. Sustainability, 15(8), Article 6652. https://doi.org/10.3390/su15086652

२. Helms, M. M., & Nixon, J. (2010). Exploring SWOT analysis – where are we now?: A review of academic research from the last decade. *Journal of Strategy and Management*, *3*(3), 215–251. https://doi.org/10.1108/17554251011064837

३. Koirala, B., & KC, R. (2018). Challenges of agricultural training system in Nepal: A case study of government training centers. *Journal of Agriculture and Environment*, *19*, 145–158. https://doi.org/10.3126/aej.v19i0.22345

४. Sudurpaschim Province. (2021). *Sudurpaschim Province agriculture profile 2021*. Ministry of Land Management, Agriculture and Cooperative, Sudurpaschim Province Government

५. Ministry of Agriculture and Livestock Development. (2015). *Agricultural Development Strategy (ADS) 2015–2035*. Government of Nepal.

## परिशिष्ट (Annex)

### १. Questionnaire Survey Format:

कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट नगरपालिका९—, कंचनपुरको SWOT विश्लेषण सम्बन्धी प्रश्नावली

**१) पृष्ठभूमि .Background)**

हामि सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण् प्रतिष्ठान डोटी द्वारा संचालन भइरहेको अधिकृत, पुन्ना, सातौं कार्यदीन सेवाकालीन तालिमका सहभागीहरु हाल आठौं तह ३५/कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट न—.पा.९, कंचनपुर कार्यालय को SWOT analysis गर्न एक अनुसन्धान अध्ययन संचालन गरिरहेका छौ ।यस प्रश्नावलीको उद्देश्य कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, बेद्कोट न—.पा.९, कंचनपुर को बल )Strengths), कमजोरी )Weaknesses), अवसर )Opportunities) तथा चुनौती )Threats) को विश्लेषण गर्नु हो।

यस सर्वेक्षणबाट संकलित जानकारी शैक्षिकअनुसन्धान उद्देश्यका लागि मात्र/ प्रयोग गरिनेछ।

तपाईंको व्यक्तिगत विवरण पूर्ण रूपमा गोप्य राखिनेछ।

कृपया प्रत्येक कथनलाई ध्यानपूर्वक पढी आफ्नो विचार अनुसार उपयुक्त विकल्पमा (✓)चिन्ह लगाउनुहोस्।

**२) मापन मापदण्ड .Likert Scale)**

**अंक विवरण**

1 पूर्ण रूपमा असहमत

2 असहमत

3 न त सहमत न त असहमत

4 सहमत

5 पूर्ण रूपमा सहमत

**३) उत्तरदाताको विवरण .Respondent Profile)**

1. लिङ्गः
   ☐ पुरुष ☐महिला ☐ अन्य
2. उमेर समूहः
   ☐ १८ ☐ २५—२६ ☐ ३५—३६ ☐ ४५—४६ ☐ ५५—५५ भन्दा माथि
3. शैक्षिक योग्यताः
   ☐ सामान्य साक्षर ☐माध्यमिक ☐ उच्च माध्यमिक ☐ स्नातक ☐ स्नातकोत्तर

4. पेशाः

☐ किसान ☐कृषि प्राविधिक ☐ कर्मचारी ☐ उद्यमी ☐ अन्य————

5. यस केन्द्रसँगको सम्बन्धः

☐ तालिमग्राही ☐सेवा लिने किसान ☐ कर्मचारी ☐ अन्य————

४ .SWOT विश्लेषण सम्बन्धी प्रश्नहरू

**भाग A :Strengths (शक्तिहरू — (केन्द्रका बलिया पक्षहरू**

**निम्न कथनहरूसँग तपाईंको सहमतिअसहमति छान्नुहोस्।/**

(१ पूर्ण रूपमा असहमत =| २ असहमत =| ३ न त सहमत न त असहमत =| ४ सहमत =| ५ पूर्ण = रूपमा सहमत(

| **क.सं.** | **कथन** | **१ २ ३ ४ ५** |
|---|---|---|
| १. | केन्द्रका प्रशिक्षकहरू उच्च योग्य र अनुभवी छन्। | ☐ ☐ ☐ ☐ ☐ |
| २. | तालिम कार्यक्रमहरू व्यावहारिक, उपयोगी र किसानमैत्री छन्। | ☐ ☐ ☐ ☐ ☐ |
| ३. | केन्द्रको भौतिक पूर्वाधार भवन), उपकरण, तालिम हलपर्याप्त छ। ( | ☐ ☐ ☐ ☐ ☐ |
| ४. | केन्द्रले कृषि व्यवसायका लागि गुणस्तरीय बिउबिजन तथा प्राविधिक सहयोग प्रदान गर्छ। | ☐ ☐ ☐ ☐ ☐ |
| ५. | केन्द्रका सेवाले स्थानीय किसानहरूको उत्पादकत्व बढाउन सहयोग पुऱ्याएको छ। | ☐ ☐ ☐ ☐ ☐ |
| ६. | केन्द्रले बजार पहुँच, मूल्य शृङ्खला र व्यवसायिक नेटवर्क विकासमा सहयोग गर्छ। | ☐ ☐ ☐ ☐ ☐ |
| ७. | केन्द्रको कार्यसमूह एकजुट (टिम), सक्रिय र उत्साही छ। | ☐ ☐ ☐ ☐ ☐ |
| ८. | केन्द्रका तालिमहरू कम खर्चिलो र सबै वर्गका किसानका लागि पहुँचयोग्य छन्। | ☐ ☐ ☐ ☐ ☐ |
| ९. | केन्द्रले आधुनिक कृषि प्रविधि जस्तै ड्रिप सिँचाइ), मल्चिङको प्रभावकारी प्रदर्शन गर्छ। ( | ☐ ☐ ☐ ☐ ☐ |
| १०. | केन्द्रको स्थान भौगोलिक रूपमा सुगम र सहज छ। (सुन्दरपुर) | ☐ ☐ ☐ ☐ ☐ |
| ११. | केन्द्रले सफल किसान तथा उद्यमीहरूको उदाहरण प्रस्तुत गरी प्रेरणा दिन्छ। | ☐ ☐ ☐ ☐ ☐ |
| १२. | केन्द्रका वार्षिक योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन हुन्छन्। | ☐ ☐ ☐ ☐ ☐ |
| १३. | केन्द्रले महिला, दलित तथा सीमान्तकृत किसानहरूलाई प्राथमिकता दिन्छ। | ☐ ☐ ☐ ☐ ☐ |

**भाग B :Weaknesses (कमजोरीहरू — (केन्द्रका कमजोर पक्षहरू**

**निम्न कथनहरूसँग तपाईंको सहमतिअसहमति छान्नुहोस्।/**

| क्र.सं. | कथन | १ २ ३ ४ ५ |
|---|---|---|
| १०. | स्थानीय उत्पादनको ब्रान्डिङ र लेबलिङबाट बजार लाभ लिन सकिन्छ। | □□□□□ |
| ११. | NGO/INGO सँग सहकार्य गरी नयाँ परियोजना सुरु गर्न सकिन्छ। | □□□□□ |
| १२. | कृषि पर्यटन )Farm Tourism) विकासका लागि ठूलो सम्भावना छ। | □□□□□ |
| १३ | . स्थानीय सरकार संग साझेदारी मार्फत विभिन्न कार्यक्रम संचालन गर्न सकिन्छ | | □□□□□ |

**भाग D :Threats (खतराहरूकेन्द्रका जोखिमहरू — (**

**निम्न कथनहरूसँग तपाईंको सहमतिअसहमति छान्नुहोस्।/**

| क्र.सं. | कथन | १ २ ३ ४ ५ |
|---|---|---|
| १. | जलवायु परिवर्तनले कृषि उत्पादन र तालिम कार्यक्रमहरूमा नकारात्मक असर पार्छ। | □□□□□ |
| २. | बजार मूल्यको उतारचढावले कृषि व्यवसायमा जोखिम बढाउँछ। | □□□□□ |
| ३. | निजी तथा प्रतिस्पर्धी संस्थाहरूको उदयले केन्द्रलाई चुनौती दिन्छ। | □□□□□ |
| ४. | सरकारी नीति तथा बजेट परिवर्तनले केन्द्रका कार्यक्रम प्रभावित हुन्छन्। | □□□□□ |
| ५. | बिचौलियाहरूको प्रभावका कारण किसानको प्रतिफल घट्ने जोखिम छ। | □□□□□ |
| ६. | महामारी वा प्राकृतिक प्रकोपले तालिम तथा सेवा प्रवाह अवरुद्ध हुन सक्छ। | □□□□□ |
| ७. | दक्ष जनशक्तिको अभाव तथा वैदेशिक आप्रवासनले समस्या सिर्जना गर्छ। | □□□□□ |
| ८. | जग्गा, पानी तथा अन्य स्रोतको अभावले केन्द्र विस्तारमा बाधा पुऱ्याउँछ। | □□□□□ |
| ९. | ऋण तथा बिमा सुविधाको कमीले कृषि व्यवसाय असफल हुने जोखिम बढ्छ। | □□□□□ |

---

अन्तिम खण्डखुला सुझावहरू :

१. केन्द्रलाई अझ प्रभावकारी बनाउनका लागि तपाईंको मुख्य सुझाव के हो?

..........................................................................................................................

२. कृषकहरुलाइ तालिमपछी बजार र वित्त संग जोड्न केन्द्रले कस्तो भूमिका खेल्न सक्छ ?

..........................................................................................................

३. केन्द्रको भविष्य विकासका लागि कुनै थप टिप्पणी वा सुझाव?

..............................................................................

उत्तरदाताको विवरण (अन्तिम खण्ड)

उत्तरदाताको नाम :(ऐच्छिक) .............................................................

सम्पर्क विवरण :(ऐच्छिक) .............................................................

मितिः .............................................................

हस्ताक्षरः .........................................................

## २. फोटोहरु : फिल्ड भिजिट , कागजातहरु इत्यादि |



<u>फोटो १: निमित्त कार्यालय प्रमुख संग अन्तरक्रिया</u>




<u>फोटो २: स्थानीय सेवाग्राही संग अन्तरक्रिया तथा फारम भर्ने कार्य</u>



फोटो ३: कृषि फारममा लगाएको ड्र्यागन फ्रुट खेति



फोटो ४: सुचना प्रविधि साखा संग अन्तरक्रिया




फोटो ५: कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुरको तालिम हल भवन



फोटो ६: फिल्ड भिजिटको बेला  तालिम हलमा भइरहेको कार्यक्रम



फोटो ७: तालिम केन्द्रको प्रांगणमा भइरहेको छलफल



फोटो ८: तालिम केन्द्रको छात्रावास




फोटो ९ : कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुरको प्रशासनिक भवन



फोटो १०: संचालनमा नआएको प्रयोगशाला भवन






फोटो ११: राजश्व संकलनका लागि केन्द्रले डल्ले च्याउ उत्पादन/विक्रि गर्ने गरेको (गत वर्ष रु.३ लाख जति दलले च्याउ बेचेर राजश्व संकलन गरेको )



फोटो १२: ड्रयागन खेतिको नमुना



फोटो १३: फिल्ड अध्यन्नको अन्तिम प्रतिवेदन तयार पश्चात अध्ययन बात आएको खोज र निस्र्कर्ष सहित सिफारिस बारे जानकारी ।

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**

च.नं. / Ref.No. २२७/०८२/८३

श्री कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र,
सुन्दरपुर कार्यालय, कंचनपुर।

मिति : २०८२/०९/२८ गते

२५१
२०८२।०९।२८

**विषय : आवस्यक सहयोग गरिदिने बारे।**

प्रस्तुत विषयमा यस प्रतिष्ठानको आयोजनामा प्रदेश तथा स्थानीय तहमा कार्यरत अधिकृतस्तर सातौं र आठौं तहका कर्मचारीहरुकालागि कार्य सम्पादन, बिकास ब्यबस्थापन र सेवा प्रबाह बिषयक ३५ कार्यदीन सेवाकालिन प्रशिक्षणमा तपसिल बमोजिमका सहभागीहरुलाई मिति २०८२/०९/२९ गते देखि मिति २०८२/१०/०४ गते सम्म "कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कंचनपुरको SWOT विश्लेषण गरी प्रभावकारी रुपमा अगाडी बढाउन" सम्बन्धी अध्ययनको लागि तहाँ कार्यालयमा तपसिल बमोजिमका सहभागीहरु स्थलगत अध्ययन भ्रमणमा खटाईएकोले आबस्यक सहयोग गरिदिनहुन अनुरोध छ।

**तपसिल**

धन बहादुर थापा (टिम लिडर)
पवन सिंह बिष्ट
दिपक धामी
प्रकाश सिंह रावल
हेम राज रेग्मी जोशी

गेहेन्द्र बम
कार्यकारी निर्देशक
कार्यकारी निर्देशक

BA प्रशासन
दर्ता
२०८२/०९/२९

मिति: २०८२-०९-२९

श्री कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालीम केन्द्र
सुन्दरपुर कार्यालय, कन्चनपुर

विषय: अनुसन्धान कार्य सञ्चालन गर्न संस्थागत सहमति प्रदान गरिदिनुहुन अनुरोध सम्बन्धमा।

आदरणीय महोदय/महोदया,

हामी (सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटी द्वारा सञ्चालन भइरहेको सेवाकालीन तालिमका सहभागीहरू) हाल "कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालीम केन्द्र, सुन्दरपुर, कन्चनपुरको SWOT विश्लेषण गरी प्रभावकारी रुपमा अगाडि बढाउन" शीर्षकमा एक अनुसन्धान अध्ययन सञ्चालन गरिरहेका छौं।

यस अनुसन्धानलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि, तपाईंको सम्मानित कार्यालयबाट निम्न कार्यहरूका लागि अनुमति प्रदान गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं:

१. तहाँ कार्यालयबाट सेवा लिइरहेका सेवाग्राहीहरूबाट तथ्यांक संकलन गर्न।
२. आधिकारिक अभिलेखहरू प्रयोग गर्न।
३. कार्यालय सञ्चालन सम्बन्धी जानकारी प्राप्त गर्न आवश्यक परेमा प्रमुख पदाधिकारीहरूसँग अन्तर्वार्ता लिन।

हामी तपाईंलाई यो आश्वस्त गराउन चाहन्छौं कि:

✓ संकलित सम्पूर्ण जानकारी पूर्ण रूपमा गोप्य राखिनेछ र केवल अनुसन्धान प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।
✓ अन्तिम प्रतिवेदनमा कुनै पनि व्यक्तिगत पहिचान खुलाइने छैन।
✓ यस अध्ययनले सबै नैतिक मापदण्डहरू पालना गर्नेछ र संस्थागत गोपनीयता नीतिको सम्मान गर्नेछ।

उपरोक्त अनुसन्धान कार्य अगाडि बढाउनका लागि तपाईंको औपचारिक सहमति प्रदान गरिदिनुहुन तथा स्वीकृति जनाउने लिखित पत्र वा आधिकारिक छाप उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

तपाईंको सहयोगप्रति हार्दिक धन्यवाद।

भवदीय,
अनुसन्धान टोली
सुन्दरपुर समूह

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

## सुन्दरपुर, कंचनपुर

प.सं.:२०८२।०८३
च.नं : १२०

मिति: २०८२/०९/२९

विषयः – जानकारी सम्बन्धमा ।

श्री सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिस्ठान,
पुन्ना डोटी ।

प्रस्तुत विषयमा तँहा कार्यालयको च.न. २२७/०८२/८३ मिति २०८२/०९/२८ गतेको पत्रानुसार तँहा प्रतिस्ठानको आयोजनामा प्रदेश तथा स्थानिय तहमा कार्यरत अधिकृतस्तर सातौं र आठौ तहका कर्मचारीहरुका लागि कार्य सम्पादन, विकास व्यवस्थापन र सेवा प्रवाह विषयक ३५ कार्यदिने सेवाकालिन प्रशिक्षणमा तपसिल बमोजिमका सहभागीहरुले "कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कंचनपुरको SWOT विश्लेशण गरि प्रभावकारी रुपमा अगाडी बढाउन" सम्बन्धि अध्ययनका लागि यस कार्यालयबाट आवश्यक विवरण संकलन गरेको व्यहोरा अनुरोध छ ।

मिन प्रसाद जैशी
कृषि प्रसार अधिकृत
निमित्त प्रमुख

तपसिल
धन बहादुर थापा
पवन सिंह विष्ट
दिपक धामी
प्रकाश सिंह रावल
हेम राज रेग्मी जोशी

व्यावसायिक र सिर्जनशील प्रसाशनः विकास,सम्वृद्धि र सुसासन
Email:ratc.sundarpur@gmail.com Website: www.abpstc.sudurpashchim.gov.np

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

## सुन्दरपुर, कंचनपुर

प.सं.:२०८२।०८३
च.नं : ११३

मितिः २०८२/१०/०४

विषयः – जानकारी सम्बन्धमा ।

श्री सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिस्ठान,
पुन्ना डोटी ।

प्रस्तुत विषयमा तँहा कार्यालयको च.न. २२७/०८२/८३ मिति २०८२/०९/२८ गतेको पत्रानुसार तँहा प्रतिस्ठानको आयोजनामा प्रदेश तथा स्थानिय तहमा कार्यरत अधिकृतस्तर सातौं र आठौं तहका कर्मचारीहरुका लागि कार्य सम्पादन, विकास व्यवस्थापन र सेवा प्रवाह विषयक ३५ कार्यदिने सेवाकालिन प्रशिक्षणमा तपसिल बमोजिमका सहभागीहरुले "कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कंचनपुरको ५ कार्यदिन मिति २०८२/०९/२९ देखि २०८२/१०/०४ गते सम्म स्थलगत अध्ययन पश्यात SWOT विश्लेशण गरि प्रभावकारी रुपमा अगाडी बढाउन" सम्वन्धि अन्तिम प्रतिवेदन तयार भइ सो अनुसार यस कार्यालयलाइ प्रभावकारि रुपमा अगाडी वढाउन निष्कर्स तथा आवश्यक सिफारिस उपर छलफल गरि स्थलगत अध्ययन कार्य सम्पन्न गरेको व्यहोरा अनुरोध छ ।

.....................
मिन प्रसाद जैशी
कृषि प्रसार अधिकृत
निमित्त प्रमुख

तपसिल

धन वहादुर थापा
पवन सिंह विष्ट
दिपक धामी
प्रकाश सिंह रावल
हेम राज रेग्मी जोशी